## आवधिक समीक्षा कार्यक्रम सम्पन्न

विशेष अदालतबाट चालु आर्थिक वर्षको चैत्र मसान्तसम्ममा न्याय सम्पादनसँग सम्बन्धित यस अदालतका विभिन्न शाखा एवम् फाँटहरूले गरेका कार्यहरूको आवधिक समीक्षा कार्यक्रम मिति २०७९।०१।०२ मा अध्यक्ष माननीय न्यायाधीश श्रीकान्त पौडेलको अध्यक्षतामा सम्पन्न भएको छ।

कार्यक्रम यस अदालतमा कार्यरत शाखा अधिकृत श्री यज्ञराज रेग्मीले सञ्चालन गर्नुभएको थियो ।रजिष्ट्रार श्री अशोक कुमार क्षेत्रीले नयाँ बर्ष २०७९ को शुभकामना मन्तव्यसहित कार्यक्रमको उद्देश्य, कार्यक्रमको स्वरुप र कार्यक्रमको महत्वका बारेमा प्रकाश पार्नुभएको थियो।समीक्षा कार्यक्रममा सम्पूर्ण कर्मचारीहरूले नयाँ वर्ष २०७९ को शुभकामना आदानप्रदान गर्दै इजलास प्रमुख, सुपरीवेक्षक, शाखा प्रमुख तथा फाँट प्रमुखहरुले चालु आ.व.को चैत्र मसान्तसम्म भएका कार्यहरूको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।कार्यक्रममा अध्यक्ष माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल लगायत सदस्य माननीय न्यायाधीशहरूले आवधिक समीक्षाबाट विशेष अदालतको कार्यसम्पादनलाई आगामी दिनमा थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताउनुभयो ।

योजना आफैमा अनुशासन भएकाले यस अदालतको वार्षिक कार्ययोजनाले निर्दिष्ट गरेका लक्ष्य उद्देश्य र क्रियाकलापलाई कार्यान्वयन गर्न आवधिक समीक्षा कार्यक्रमले पृष्ठपोषण गर्दै आएको छ ।

मिति २०७९।०१।०२

शाखा अधिकृत